# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ भक्तपुर, जेठ१७गते, २०७८ साल संख्या२


भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको विशेष नगर सभा २०७८ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन

## भक्तपुर नगरपालिका कर्मचारी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**<u>प्रस्तावना</u> :** भक्तपुर नगरपालिकामा निजामती तथा अन्य सेवाहरुबाट कतिपय कर्मचारीहरु निजहरुको साविकको पद तथा तहभन्दा एक तह माथिको पदमा समायोजन भई कामकाज गर्न खटाइएको, भक्तपुर नगरपालिकामा कार्यरत अस्थायी, करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारी कर्मचारीहरुको समग्र कार्यसम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको तथा विगतमा स्थानीय निकायको रुपमा रहेको यस नगरपालिकाको स्वीकृति दरबन्दीमा नियुक्त भई हालसम्म निरन्तर सेवारत कर्मचारीहरुलाई स्थायी गर्ने वा सेवा करारमा व्यवस्थापन गर्ने तर्फ मध्यनजर गरी कर्मचारीहरुलाई स्थायी गर्ने वा सेवा करारमा नियुक्त गरी पदस्थापन लगायतका स्थानीय सेवा व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा ५७(४), धारा २२६(१), धारा २८५(३) तथा भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको विशेष नगरसभाबाट यो ऐन बनाई लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस ऐनको नाम 'भक्तपुर नगरपालिका कर्मचारी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८' रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) 'ऐन' भन्नाले भक्तपुर नगरपालिका कर्मचारी पदपूर्ती तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७८ लाई सम्झनु पर्छ ।

ख) 'कर्मचारी' भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको भक्तपुर नगरपालिकाको स्वीकृत दरबन्दीमा अस्थायी, सेवा करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा नियुक्त भई हालसम्म निरन्तर सेवारत कर्मचारीलाई सम्झनु पर्छ ।

ग) 'कार्यपालिका' भन्नाले भक्तपुर नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) 'तोकिएको' वा 'तोकिए वमोजिम' भन्नाले यस ऐन र नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

ङ) 'नगर सभा' भन्नाले भक्तपुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) 'नगर सेवा' भन्नाले भक्तपुर नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

ज) 'नगरपालिका' भन्नाले भक्तपुर नगरपालिकालाई सम्झनु पर्छ ।

झ) 'स्थानीय कानुन' भन्नाले भक्तपुर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. कर्मचारीलाई स्थायी गरिने सम्बन्धी विशेष व्यवस्था : १) साविकको स्थानीय निकायको रुपमा यस नगरपालिकाको स्वीकृत दरबन्दीमा नियुक्त भई हालसम्म निरन्तर कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी कर्मचारीहरुलाई हालको दरबन्दीमा समायोजन गरी योग्यता पुगेका कार्यरत रहेका कर्मचारीहरु बीच मात्र सोही पदमा छुट्टै परीक्षा सञ्चालन गरी एक पटकको लागि सीमित आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्ती गर्न सकिने छ ।

२) उपदफा १ बमोजिम कर्मचारीहरुलाई स्थायी गर्ने प्रक्रिया, न्यूनत्तम शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

४. सीमित आन्तरिक प्रतियोगितात्मक परीक्षाको किसिम र छनौट : १) सीमित आन्तरिक प्रतियोगितात्मक परीक्षाको किसिम र छनौट विधि देहाय बमोजिम हुनेछ :

(क) लिखित परीक्षा,
(ख) प्रयोगात्मक परीक्षा र
(ग) अन्तरवार्ता

५. उमेरको हद नलाग्ने : १) साविकको स्थानीय निकायको रुपमा यस नगरपालिकामा सेवा प्रवेश गरी यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी कर्मचारीहरुलाई एक पटकको लागि स्थायी नियुक्त गर्दा उमेरको हद लाग्ने छैन ।

६. कर्मचारीहरुको सेवा सुविधा : १) यस ऐन बमोजिम स्थायी भएका कर्मचारीहरुको तलब तथा अन्य सुविधा कानुनले तोके बमोजिम हुनेछ ।

२) साविकको स्थानीय निकायको रुपमा यस नगरपालिकामा सेवा प्रवेश गरी यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी कर्मचारीहरु यस ऐनको दफा ३ र ४ बमोजिम स्थायी नभई अवकाश प्राप्त गर्ने अवस्थामा निजहरुलाई दिइने सेवा सुविधा सम्बन्धमा स्थानीय कानूनले तोके बमोजिम हुनेछ ।

७. आवश्यक व्यवस्था मिलाउने : यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

८. खारेजी र बचाउ : भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्मचारी प्रशासन सम्बन्धी (प्रथम संशोधन) विनियम २०७५ को दफा (नियम) ५, ६ र ७ यो ऐन लागू भएको मितिदेखि खारेज गरिएको छ ।

आज्ञाले
(रामलाल श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७८।०२।१६ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८